फोन नं. :- ०८२-५६३९३८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय

# शहरी विकास तथा भवन कार्यालय, दाङ

## जनता आवास कार्यक्रमको लाभग्राही छनौटको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

### प्रथम पटक सूचना प्रकाशित मितिः२०७९।०५।३१ गते

यस कार्यालयको आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ बमोजिम दलित, विपन्न मुसलमान, लोपोन्मुख तथा अति सिमान्तकृत वर्ग वा समुदायहरुको दाङ जिल्लामा जनता आवास कार्यक्रमको स्वीकृत नक्सा बमोजिमको आवास निर्माण गर्नका लागि तपसिलमा उल्लेखित स्थानहरुमा स्थायी रुपले बसोवास गरीरहेका लाभग्राहीबाट निवेदन संकलन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिए बमोजिमका कागजातहरु सहित आवेदन फारम भरी सम्बन्धित गा.पा./न.पा./उ.म.न.पा. को कार्यालय/वडा कार्यालय वा यस कार्यालयमा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| लुम्बिनी प्रदेश सभा निर्वाचन क्षेत्र | स्थानिय तह | वडा नं./क्षेत्र |
|---|---|---|
| दाङ १(क) आवास संख्या २९ | रास्रि गाउँपालिका | २ र ४ |
| | गढवा गाउँपालिका | ६ र ७ |
| | राजपुर गाउँपालिका | २ र ३ |
| दाङ १(ख) आवास संख्या २९ | राजपुर गाउँपालिका | ५ |
| | लमही नगरपालिका | ५ र ८ |
| | घोराही उपमहानगरपालिका | ५ |
| दाङ २(क) आवास संख्या ३० | घोराही उपमहानगरपालिका | १८ र १९ |
| | बंगलाचुली गाउँपालिका | १ |
| दाङ २(ख) आवास संख्या ३० | घोराही उपमहानगरपालिका | ६ र ७ |
| | तुल्सीपुर उपमहानगरपालिका | १९ |
| दाङ ३(क) आवास संख्या ३० | तुल्सीपुर उपमहानगरपालिका | ४, ५ र ६ |
| दाङ ३(ख) आवास संख्या ३० | दंगिशरण गाउँपालिका | ४ र ५ |
| | शान्तिनगर गाउँपालिका | १ |
| | बबई गाउँपालिका | २ |

**संलग्न हुनुपर्ने कागजात हरु :**

- ✓ विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण ।
- ✓ नागरिकताको प्रतिलिपि ।
- ✓ जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी ।
- ✓ बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागजात ।
- ✓ लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था/फोटो ।
- ✓ सम्बन्धित स्थानीय तहले लक्षित वर्गभित्र पर्ने भनी गरेको सिफारिस ।
- ✓ प्रमाण खुल्ने अन्य कागजात ।

.....................................
अनन्त कुमार देव
(नि.कार्यालय प्रमुख)

नि. कार्यालय प्रमुख

**द्रष्टव्यः-**

- आवेदन फाराम सम्बन्धित गा.पा./न.पा./उ.म.न.पा.को कार्यालय/वडा कार्यालय वा यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
- स्विकृत आवास संख्यामा थप भए सोही अनुसार कार्यक्रम अगाडी बढाउन सकिने छ ।
- लाभग्राही सगोल परिवारको सदस्यहरुले छुट्टाछुट्टै आवेदन फारम भर्न नपाउने ।
- कुनै किसिमले आवास सम्बन्धी सुविधा लिई सकेका तथा फर्म भरि सकेका लाभग्राहीले पुनः आवेदन फारम भर्न नपाउने ।
- थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

☎:०८२-५६३९३८
☎:९८५७८६७०७५ (कार्यालय प्रमुख)
☎:९८४७९११३४५ (सूचना अधिकारी)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

# शहरी विकास तथा भवन कार्यालय

दाङ

पत्र संख्या:- ०७९/८०
च.नं.: १६७

मिति:२०७९/०५/३१

श्री ...........................................

विषय:- **आवेदन संकलन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट आ.व. २०७९/०८० मा संचालन हुने जनता आवास कार्यक्रम अन्तर्गत ताँहा कार्यालयको क्षेत्रभित्र पर्ने गरी प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिबाट क्षेत्र छनौट भएकोले कार्यक्रम लागु हुने क्षेत्रबाट लाभग्राही छनौट गर्न जारी गरिएको सूचना तथा तपसिल बमोजिमको कागजातहरु यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । विगतदेखि स्थायि रुपमा बसोबास गरेका सूचिकृत दलित/विपन्न मुसलमान/ लोपोन्मुख/ सिमान्तकृत जाति वा समुदायका विपन्न वर्गबाट मात्र तोकिएको म्याद (१५ दिन) भित्र आवेदन संकलन तथा दर्ता गरी यस कार्यालयमा सात दिन भित्र उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसिल
१. आवेदन फाराम – थान ........
२. दर्ता किताब – थान ............
३. सूचना – थान १(एक)

..............................
अनन्त कुमार देव
नि.कार्यालय प्रमुख

*नोट:- आवेदन फाराम तथा दर्ता किताब पाना फोटोकपि गरेर प्रयोगमा ल्याउन सकिने छ ।*

| |
|---|
| दर्ता नं. :- |
| मिति :- |

# आवेदन फाराम

पासपोर्ट साइजको फोटो

श्रीमान् कार्यालय प्रमुख ज्यू,
शहरी विकास तथा भवन कार्यालय,
दाङ

**विषय : जनता आवास कार्यक्रममा छनौटको लागि निवेदन ।**

महोदय,

उपरोक्त सम्बन्धमा प्रदेश सरकारको आर्थिक वर्ष २०७६ / ०७७ को जनता आवास कार्यक्रम अन्तर्गत दाङ / रोल्पा / प्यूठान / रुकुम पूर्व जिल्लामा आवास निर्माण गरी बसोबासको व्यवस्था गर्ने जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग (राष्ट्रिय दलित आयोगको सूचिमा सूचिकृत भएका दलित/विपन्न मुसलमान/लोपोन्मुख/ अति सिमान्तकृत जाति वा समूह) लाभग्राहीको पहिचानका आधारहरु भित्र आफू पनि पर्ने भएकोले मेरो परिवारकोलागि आवास इकाई १ (एक) निर्माण गरी बसोबासको व्यवस्था मिलाई दिनु हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

| क्र.सं. | तपसिल | कैफियत |
|---|---|---|
| १. | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र जग्गाधनिको प्रमाण पत्रको प्रतिलिपि वा | छ ☐/छैन ☐ |
| २. | विगतदेखी त्यस स्थानमा आवास/स्थायी बसोबास गर्दै आएको गा.पा./नपा./उ.म.न.पा./वडाको सिफारिस वा | छ ☐/छैन ☐ |
| ३. | मालपोत वा स्थानीय निकायमा आफु बसोबास गरी रहेको आवास/जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण पत्रको प्रतिलिपि वा | छ ☐/छैन ☐ |
| ४. | बिजुली,धारा,वा अन्य सुविधा शुल्क आदी बुझाएको कागजातको प्रतिलिपी वा | छ ☐/छैन ☐ |
| ५. | प्रमाण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपी/अन्य केही भए | छ ☐/छैन ☐ |
| ६. | एकाघर भई छुट्टीएको भनि निवेदकले आवेदन फाराम साथ अनिवार्य अंशबण्डा/ छुट्टीएको प्रमाण/सिफारिस कागजात पेश गर्नुपर्नेछ । | छ ☐/छैन ☐ |
| ७. | निवेदकको पारिवारिक विवरण : सख्या :............ | |
| ८. | निवेदकको वर्गीकरण : जेष्ठ/अपाङ्ग/एकल महिला र अनाथ वालवालिका | |
| ९. | हाल बसोबास गरेको घरको फोटो | छ ☐/छैन ☐ |

(मैले पेश गरेको प्रमाणहरु सही छ , झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । )

**निवेदकको**

सही.......................................................
नाम/थर.......................................................
बुवा/पतिको नाम...........................................
बाजे/ससुराको नाम.........................................
जिल्ला .....................................................
साविक गा.वि.स./न.पा/उ.म.न.पा. ..........................
हाल गा.पा./न.पा./उ.म.न.पा...............................
वडा नं. ...............................
गाउँ/टोल.......................................................
सम्पर्क नं.......................................................

| दाँया | बाँया |
|---|---|
| | |

**कार्यालयको तर्फबाट सिफारिस/प्रमाणित**

गा.पा./न.पा./उ.म.न.पा./वडा.............

दस्तखत : ..................................
नाम/थर : ..................................
पद : ..................................

कार्यालयको छाँप

नोट : यो फाराम भरी पेश गर्दा कुनै शुल्क लाग्ने छैन र आवास घर पाई सकेको ले पुनः फाराम भर्न नपाउने ।